# शिक्षक छनौट परीक्षा संचालन कार्यविधि

२०७९

साल्पासिलिछो गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

चौकीडाँडा  भोजपुर, १ नं. प्रदेश, नेपाल

गाउँकार्यपालिका बाट मिति २०७९/११/१४  को निर्णयबाट जारी

साल्पासिलिछो गाउँपालिका

# शिक्षक छनौट परीक्षा सञ्चालन कार्यविधि, २०७९

प्रस्तावनाः

नेपालको संविधान २०७२ को धारा ३१ मा उल्लेखित शिक्षा सम्बन्धि हकः उपधारा (१) प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ ।उपधारा (२) प्रत्यक नागरिकलाई राज्यबाट आधारभुत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।उपधारा (३) अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।उपधारा (४)दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।उपधारा (५) नेपालमा बसोबासो गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।संविधानप्रदत्त शिक्षा सम्बन्धी  यस्तै अधिकारलाई सूनिश्चितता प्रदान गर्न शिक्षक छनौट परीक्षालाई व्यवस्थित, मर्यादित बनाई योग्य एवं सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिबृद्धि गर्न र सामुदायिक विद्यालयमा प्रधानाध्यापक, स्वीकृत रिक्त दरबन्दिमा करार शिक्षक तथा राहत अनुदान कोटा वा नीजि स्रोत शिक्षक करारमा नियुक्तिका लागि सिफारिस गर्न समुदायद्वारा संचालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्त शिक्षकको बढुवाको लागि सिफारिस गर्न नेपालको संविधान २०७२ मा उल्लेखित शिक्षा सम्बन्धि व्यवस्था, शिक्षा ऐन २०२८(नवौं संशोधन) तथा शिक्षा नियमावली २०५९(संसोधन सहित) को नियम १९२ खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षक छनौट परिक्षा संचालन कार्यविधि २०७९ साल्पासिलिछो गाउँपालिकाको कार्यपालिकाको बैठकले २०७९/११/१४ गते यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भः

(१.१) यस कार्यविधिको नाम शिक्षक छनौट परीक्षा सञ्चालन कार्यविधि २०७९ रहेको छ ।

(१.२) यो कार्यविधि साल्पासिलिछो गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

१.परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "विद्यालय" भन्नाले कक्षा १ देखि १२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ ।

(२)"विषय विशेषज्ञ" भन्नाले आधारभुत तह (कक्षा १ देखि ८) र माध्यमिक तह (कक्षा ९ देखि १२) सम्म शिक्षक छनौट परीक्षा सञ्चालनका लागि उपलब्ध भएसम्म यस गाउँपालिकाबाट सूचिकृत भएका विषय विशेषज्ञ शिक्षक वा सो उपलब्ध नभएमा छिमेकी गाउँपालिका/नगरपालिका वा जिल्लागत रुपमा सूचिकृत रहेका प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक तहका विषय विशेषज्ञ शिक्षकहरु सम्झनु पर्दछ ।

(३) "गाउपालिका" भन्नाले साल्पासिलिछो गाउँपालिका भोजपुर सम्झनु पर्दछ ।

(४) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलब भत्ता लिने अन्य कर्मचारी बुझ्नु पर्दछ ।

(५) "समिति" भन्नाले शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

### शिक्षक छनौट समितिको संरचना

२.१ सामुदायिक विद्यालयमा प्रधानाध्यापक, स्वीकृत रिक्त दरबन्दिमा करार शिक्षक तथा राहत अनुदान कोटामा वा नीजि श्रोत शिक्षक नियुक्तिका लागि सिफारिस गर्न समुदायद्वारा संचालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्ति भएका शिक्षकको बढुवाको लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षकको नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- संयोजक

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षक वा गाउँपालिकाको शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख- सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु परेमा सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र अन्य तहका लागि कम्तिमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित तहको १० महिने वा सो सरह तालिम हासिल गरी विषय विज्ञमा सूचिकृत व्यक्तिहरु मध्येबाट उपलब्ध भएसम्म १ जना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनित गरेको विषय विशेषज्ञ २ जना – सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

## परिच्छेद-३

### शिक्षक छनौट सम्बन्धि प्रक्रिया

३.१ प्रधानाध्यापकको नियुक्तिका लागि सिफारिस गर्न बसेको परिच्छेद २ बमोजिमको शिक्षक छनौट समितिको बैठकमा सो विद्यालयको प्रधानाध्यापक उम्मेद्वार भएमा उपलब्ध बरिष्ठतम शिक्षकलाई सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सदस्य सचिव भई कामकाज गर्न तोक्नेछ ।

३.२ सामुदायिक विद्यालयमा एक मात्र शिक्षक रहेको र निज स्वयं नै उम्मेद्वार हुने अवस्था भएमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाको शिक्षा प्रमुखले अन्य विद्यालयको प्रधानाध्यापकलाई सदस्य सचिव भई कामकाज गर्न तोक्न सक्नेछ ।

३.३ उपनियम(१) बमोजिम मनोनित सदस्यको पदावधि शिक्षक छनौट प्रक्रिया पुरा गरी विद्यालय व्यवस्थापन समिति समक्ष शिक्षक नियुक्तिका लागि सिफारिस गरे पश्चात स्वतः पदावधि समाप्त हुनेछ ।

३.४ शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालय वा शिक्षक छनौट समितिले तोकेको स्थानमा हुनेछ ।

३.५ शिक्षक छनौट समितिले शिक्षक छनौटका लागि लिईने लिखित तथा अन्तरवार्ता परीक्षाको केन्द्र समितिले तोकेको स्थानमा हुनेछ ।

३.६ विषयविशेषज्ञको छनौट गर्दा माध्यमिक तहको विषयविज्ञको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर गरी कम्तिमा ५ बर्ष स्थायी रुपमा अध्यापन गरेको व्यक्ति, आधारभुत(१-८) लागि कम्तिमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण गरी कम्तिमा ५ बर्ष स्थायी रुपमा अध्यापन गरेको व्यक्ति र प्राथमिक(१-५) तहका लागि कम्तिमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित तहको १० महिने वा सो सरह तालिम हासिल गरी ५ बर्ष स्थायी रुपमा अध्यापन गरेको व्यक्ति हुनुपर्ने छ ।तर माथिल्लो तहको विषय मिल्ने विषयविज्ञलाई तल्लो तहको विषयविज्ञ भई काम गर्न बाधा पर्ने छैन ।योग्यता पुगेका व्यक्तिहरुलाई स्वीकृत विषयगत विषयविज्ञ सूची(माध्यमिक र निम्न माध्यमिक तहको हकमा) वा तहगत (प्राथमिक तहको हकमा) विषयविज्ञ सूचीमा सूचिकृत गर्नका लागि दरखास्त आह्वान गरी तोकिएको

मापदण्ड पुरा गरका व्यक्तिहरुलाई विषयविज्ञ सूचीमा सुचीकृत गरिनेछ । कुनै एक विषयका लागि एक भन्दा धेरै सङख्यामा विषयविज्ञ उपलब्ध भएमा गोलाप्रथाद्वारा छनौट गर्नुपर्नेछ ।

३.७ शिक्षक छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सोसमिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

३.८ शिक्षक छनौट गर्नुपर्ने सम्बन्धित विद्यालयको शिक्षक सूचीकृत विषय विशेषज्ञ रहेमा विषय विशेषज्ञको रुपमा मनोनित हुन पाईने छैन ।

३.९ विषय विशेषज्ञको लागि गाउँपालिकाले शैक्षिक सत्रको शुरुमा वा आवश्यक परेको खण्डमा जुनसुकै बेला आवेदन माग गर्न सक्नेछ र विषयविशेषज्ञको सूचीलाई अद्यावधिक गरिनेछ ।

३.१० गाउँपालिकाबाट स्वीकृत गरिएको यस कार्यविधिलाई शिक्षक छनौट समितिले पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

३.११ विषयविशेषज्ञको सूचीमा सूचिकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षकले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्बन्धित तह तथा विषयको २, २ थान उत्तरकुञ्जिका सहितको प्रश्नपत्र यस गाउँपालिकामा बुझाउनु पर्नेछ ।

३.१२ विषय विशेषज्ञद्वारा निर्मित प्रश्नलाई कार्यकारी अधिकृतले आवश्यकताअनुसार सम्बन्धित विषयको विषयविशेषज्ञ समेत समावेश गरी परिमार्जन गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दि गरेर प्रश्नपत्र बैंकमा राखिनेछ ।उक्त परिमार्जन गर्दा लाग्ने खर्च कार्यपालिकाबाट नियमानुसार व्यवस्था गरिनेछ ।

३.१३ कुनै विद्यालयमा शिक्षक, विद्यालय कर्मचारी, प्रधानाध्यापक पदको दरबन्दी तथा राहत अनुदान कोटा/निजी स्रोत रिक्त हुन गई करारमा शिक्षकको व्यवस्थापन गर्नुपरेमा (निजीको हकमा तलब स्रोतको समेत आँकलन गरी) गाउँपालिकाबाट अनुमतिपत्र प्राप्त गरी खुला प्रतिस्पर्धाका लागि १५ दिनको समय दिई सम्बन्धित विद्यालयले विद्यालयको सुचनापाटी, साल्पासिलिछो गाउँपालिकाको कार्यालय, सार्वजनिक स्थान तथा स्थानिय पत्रपत्रिकामा सूचना प्रकाशन गरी सोको मुचुल्का वा भरपाई लिएर विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।यसरी विज्ञापन गर्दा पहिलो साता शिक्षक सेवा आयोगद्वारा अस्थायी करार सूचीमा सूचिकृत उम्मेद्वारबाट दरखास्त आह्वान गर्ने र सो अवधिमा कुनैपनि उम्मेद्वारबाट दरखास्त नपरेमा आठौ दिनबाट तोकिएको योग्यता पुगेको उम्मेद्वारबाट दरखास्त दिने व्यवस्था मिलाउने ।

३.१४ उपनियम (३.१३) अनुसारको विज्ञापन सम्भव भएसम्म सामान्यतया प्रत्येक महिनाको १ र १५ गते प्रकाशन गरिनेछ ।

३.१५ दरखास्त प्राप्त भईसकेपछि छानबिन गरी रीत पुगेको दरखास्तलाई दर्ता गरी दरखास्तवालालाई प्रवेशपत्र प्रदान गर्नुपर्नेछ ।साथै स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेद्वारलाई लिखित तथा अन्तर्वार्ताको मिति समेत जानकारी गराउनु पर्नेछ ।

३.१६ दरखास्त शुल्क शिक्षक सेवा आयोगले तोके भन्दा बढि हुने छैन ।

## परिच्छेद- ४

### परीक्षा, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

४.१ परिच्छद ३ मा व्यवस्था भए अनुसार शिक्षक छनौट समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ र परीक्षा सञ्चालन गर्नेछ ।सामान्यतया सम्भव भएसम्म परीक्षा प्रत्येक महिनाको ५ र २० गते हुनेछ ।

४.२ समितिले लिने परीक्षा शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम हुनेछ, प्रथम पत्रमा उत्तिर्ण हुने उम्मेद्वारले मात्र द्वितिय पत्रको परीक्षामा सहभागि हुन पाउने छ ।

४.३ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मामा रहेको सिलबन्दि प्रश्नपत्र बैंकबाट शिक्षा शाखा प्रमुखको रोहबरमा प्रधानाध्यापक र छनौट समिति संयोजकले परीक्षा सञ्चालन हुनु भन्दा १ घण्टा अगाडि सिलबन्दि खाम छनौट गर्नेछन् ।

४.४ उपनियम ४.३ अनुसारको प्रश्नपत्र अधिकृतस्तरको प्रतिनिधिको रोहबरमा गोप्यरुपमा फोटोकपी गरी परीक्षा सञ्चालन गर्नुपर्नेछ ।परीक्षा सञ्चालन गर्न विषयविशेषज्ञको उपस्थिति अनिवार्य हुने छैन ।

४.५ गाउँपालिकाको शिक्षा शाखा प्रमुखको रोहवरमा सम्बन्धित परीक्षा केन्द्रको हाता भित्र सम्बन्धित विषय विशेषज्ञद्वारा उत्तरपुस्तिका परीक्षण गराइनेछ ।

४.६ अन्तर्वार्ताको अंक विभाजन गर्दा शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनौटका लागि तोके अनुसार हुनेछ ।सामान्यतया अन्तर्वार्तामा ३५% भन्दा कम र ७५% भन्दा बढि अंक दिन पाइने छैन ।

४.७ विषयको प्रकृति हेरी आवश्यक ठानेमा समितिले प्रयोगात्मक परीक्षा लिनेछ ।तर लिखित परीक्षा अगाडि वा अन्तर्वार्ता पछि प्रयोगात्मक परीक्षा लिन पाईने छैन ।

४.८ लिखित र आवश्यकतानुसार प्रयोगात्मक परीक्षा लिईसकेपछि उत्तिर्ण उम्मेद्वार थप गरी अन्तर्वार्ताका लागि उम्मेद्वारको नाम वर्णानुक्रम अनुसार प्रकाशित गरिनेछ ।

| **रिक्त पद सङख्या** | **थप हुने सङख्या** |
|---|---|
| १ देखि ५ | २ |
| ६ देखि १० | ३ |
| ११ देखि १५ | ४ |
| १६ देखि २० | ५ |
| २१ देखि २५ | ६ |
| २६ देखि ३० | ७ |
| ३१ देखि ३५ | ८ |
| ३६ देखि ४० | ९ |
| ४१ र सो भन्दा माथि | २०% |

तर अन्तिम क्रम सङख्यामा १ जना भन्दा बढी उम्मेद्वारले बराबर अङ्क प्राप्त गरेमा त्यस्तो सबै उम्मेद्वारको नाम प्रकाशन गरिनेछ ।

४.९ उपनियम ४.२ बमोजिम उत्तिर्णाङ्क प्राप्त गर्ने उम्मेद्वारको नाम प्रकाशन गरिनेछ ।

४.१० शिक्षक छनौट समितिले लिखित (आवश्यकतानुसार प्रयोगात्मक परीक्षा), अन्तर्वार्ता परीक्षाबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ ।यसरी परिणाम प्रकाशन गर्दा दोस्रो बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारको नाम वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

४.११ शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति गरी सो को जानकारी गाउँपालिकाको शिक्षा शाखालाई दिनुपर्नेछ र नियुक्ति समर्थन समेत लिनुपर्नेछ ।

४.१२ देहायको अवस्थामा विद्यालय व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेद्वारलाई नियुक्ति गर्न सक्नेछ ।

(क) सिफारिस गरेको उम्मेद्वारले ३० दिन भित्र नियुक्ति नलिएमा ।

(ख) सिफारिस गरेको उम्मेद्वारको मृत्यू भएमा, निजले राजिनामा दिएमा ।

(ग) नियुक्ति पत्र बुझेको मितिले १५ दिनभित्र हाजिर नभएमा ।तर शिक्षक छनौट समितिले सिफारिस गरेको १ वर्ष नाघेपछि कुनैपनि वैकल्पिक उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति गर्न मिल्ने छैन ।

४.१३ नियम ४.१२ बमोजिम नियुक्ति भएको उम्मेद्वारको जानकारी सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गाउँपालिकाको शिक्षा शाखा लाई दिनुपर्नेछ र नियुक्ति समर्थन समेत लिनुपर्नेछ ।

४.१४ शिक्षक छनौट सम्बन्धि सम्पूर्ण निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्नेछ ।

४.१५ छनौट समितिका पदाधिकारी वा विषय विज्ञ र उम्मेद्वारका वीच कानुनले तोके अनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

४.१६ समितिका पदाधिकारी वा विषय विज्ञले प्रति बैठक रु १०००(एक हजार) भन्दा बढी पारिश्रमिक लिन पाउने छैन ।साथै यसरी कामका सन्दर्भमा ३ पटक भन्दा बढी बैठक वस्न पाईने छैन ।
तर उत्तरपुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण वापत अतिरिक्त पारिश्रमिक दिन सकिनेछ ।

४.१७ परीक्षा सम्बन्धि तोकिएको सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित विद्यालयले गर्नुपर्नेछ ।

परिच्छेद- ५

## करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था

५.१ गाउँपालिकाबाट दरबन्दी/राहत अनुदान कोटा रिक्त रहेको व्यहोरा प्रमाणित गराई अनुमति लिएर मात्र करारमा शिक्षक नियुक्तिका लागि विज्ञापन गर्न सकिनेछ ।प्राथमिक(१-५)मा तहगत तथा आधारभुत(६-८) र माध्यमिक(९-१२) तहमा विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

५.२ विद्यालय व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा १ शैक्षीकसत्रका लागि कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

५.३ करारमा शिक्षक नियुक्ति भएको १ शैक्षीकसत्र भित्रपनि सो पदमा स्थायी पदपुर्ति नभएमा विद्यालय व्यवस्थापन समितिले यसरी पदपुर्ति नभएसम्मका लागि १ पटकमा १ बर्षमा नबढाई करारको म्याद थप्न सक्नेछ ।यसरी म्याद थपेको जानकारी विद्यालयले गाउँपालिकाको शिक्षा शाखालाई दिनुपर्नेछ ।

५.४ यस कार्यविधि बमोजिमको प्रक्रिया नपुगी शिक्षक, विद्यालय कर्मचारी नियुक्ति गरिएमा गाउँपालिकाको शिक्षा शाखा प्रमुखले त्यसरी नियुक्त भएको ६ महिनासम्म त्यस्तो निर्णय बदर गर्न वा आवश्यक कारबाही गर्न गाउँपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

परिच्छेद- ६

विविध

६.१ यस कार्यविधि बमोजिम कार्यसम्पादन गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँकार्यपालिकाको निर्णयानुसार हुनेछ ।

६.२ यस अघि गाउँपालिकाबाट करार शिक्षक छनौटका लागि सञ्चालित परीक्षाहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

६.३ यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा शिक्षा ऐन २०२८(नवौं संशोधन), शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७(संशोधन सहित)मा भएको व्यवस्था अनुसार हुनेछ ।

६.४ यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

साल्पासिलिछो गाउँपालिका